# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६४) काठमाडौं साउन ५ गते, २०७१ साल (संख्या १२

## भाग ५

### नेपाल सरकार

### संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचना

नेपाल सरकारले गैर सैनिक हवाई उडान (सिभिल एभिएसन) ऐन,२०१५ को दफा १०क. को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल लगायत देशका अन्य स्थानमा रहेका विमानस्थलहरु सञ्चालनसँग सम्वद्ध निम्न बमोजिमका स्थानहरुलाई निषिद्ध क्षेत्र घोषित गरी उक्त क्षेत्रमा प्रवेशको लागि देहाय बमोजिमको व्यवस्था गरेको छ :-

क) <u>निषिद्ध क्षेत्रको विवरण</u> :-

१. विमानस्थल एयरसाइड ।

२. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल लगायत अन्य विमानस्थलमा र विमानस्थल बाहिर जडान भएका वा निर्माण गरिएका हवाई परिवहन सम्बन्धी तथा अन्य आवश्यक यन्त्र, उपकरण, भवन, टहरा र देहायका सुबिधाहरु-

१३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) हवाई संचारका ट्रान्समिटिङ, रिसिभिङ, तथा रिपिटर स्टेशनहरु, तिनका एन्टेनाहरु र तिनले चर्चेका क्षेत्र,

(ख) हवाई मार्ग दर्शक यन्त्र (Air Navigation Aids), तिनका एन्टेनाहरु र तिनले चर्चेका क्षेत्र,

(ग) राडार, तिनका एन्टेनाहरु र तिनले चर्चेका क्षेत्र,

(घ) विमानस्थल प्रकाश प्रणाली (Airport Lighting System) ले चर्चेको क्षेत्र,

(ङ) उपरोक्त (क), (ख), (ग) र (घ) को लागि आवश्यक सहायक यन्त्र उपकरणहरु जस्तैः जेनेरेटर, सोलार प्यानल आदि तथा तिनले चर्चेको क्षेत्र,

(च) फायर स्टेशन, हवाई इन्धन डिपो, भन्सार गोदामहरु, कार्गो भंवनहरु र तिनले चर्चेको क्षेत्र र

(छ) विशेष परिस्थितिमा विमानस्थल सुरक्षा समितिले तोकेको क्षेत्र ।

३. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय/ आन्तरिक टर्मिनल भवन स्थित भि.आई.पि. कक्ष तथा भि.भि.आई.पि. कक्ष रहेको भवन र आन्तरिक विमानस्थलहरुको टर्मिनल भवन स्थित भि.आई.पि. कक्ष ।

स्पष्टीकरण :

एयरसाइडः- "एयरसाइड" भन्नाले विमानस्थलको प्रवेश नियन्त्रण गरिएको मुभमेन्ट एरिया र सो सँगै जोडिएको पर्खाल, तारवार, भवन, टहरा तथा अन्य सुविधाहरु (Facilities) को साथै आंशिक क्षेत्रलाई जनाउँछ ।

मुभमेन्ट एरिया :"मूभमेन्ट एरिया" भन्नाले म्यानुभरिङ एरिया र विमानस्थल क्षेत्रसहित विमानको उडान/अवतरण र ट्याक्सीको लागि प्रयोग हुने क्षेत्रलाई जनाउँछ ।



१३५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

म्यानुभरिङ एरिया: "म्यानुभरिङ एरिया" भन्नाले विमान पार्किङ क्षेत्र बाहेक विमान उडान/ अवतरण तथा ट्याक्सीको लागि प्रयोग हुने क्षेत्रलाई जनाउँछ ।

माथि उल्लिखित निषिद्ध क्षेत्रको मुख्य मुख्य ठाउँमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल तथा अन्य विमानस्थल कार्यालयका प्रमुख अधिकारीले "निषिद्ध क्षेत्र" को सूचना प्रदर्शन गर्ने व्यवस्था गर्नेछ ।

ख) **प्रवेश अनुमति दिने व्यवस्था** :-

गैर सैनिक हवाई उडान (सिभिल एभिएसन) ऐन, २०१५ को दफा १०क. को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशको प्रयोजनका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, नागरिक उड्डयन कार्यालयका महाप्रबन्धकले देहायका आधारमा निषिद्ध क्षेत्र भित्र प्रवेश गर्ने अनुमति दिन सक्नेछ :-

१. यात्रुलाई निजसँग भएका मान्य यात्रा कागजात (Valid Travel Document) र उडान कागजात (Flight Document) को आधारमा,

२. अन्य व्यक्तिको हकमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयका महाप्रबन्धकले जारी गरेको निषेधित क्षेत्र प्रवेश पासको आधारमा,

३. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय तथा आन्तरिक टर्मिनल भवनस्थित भि.आई.पि. कक्ष प्रवेश तथा प्रयोगको लागि देहायका पदाधिकारीहरुलाई सम्बन्धित निकायको पत्रको आधारमा :-

(क) राष्ट्रपति/राष्ट्रप्रमुख, उपराष्ट्रपति, प्रधानमन्त्री/ सरकार प्रमुख, प्रधानन्यायाधीश, संविधानसभाका अध्यक्ष/व्यवस्थापिका-संसद्का सभामुख, पूर्व राष्ट्रपति/पूर्व राष्ट्रप्रमुख, उपप्रधानमन्त्री, मन्त्री, व्यवस्थापिका-संसद्का विपक्षी दलका नेता, पूर्व उपराष्ट्रपति, पूर्व प्रधानमन्त्री/पूर्व सरकार प्रमुख, पूर्व



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रधानन्यायाधीश, व्यवस्थापिका- संसद्का उपसभामुख, संविधानसभाका उपाध्यक्ष, पूर्व सभामुख, राज्य मन्त्री, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, प्रज्ञा प्रतिष्ठानहरुका कुलपति, सर्वोच्च अदालतका न्यायाधीश, न्यायपरिषद्का सदस्य, सहायक मन्त्री, संविधानसभा/व्यवस्थापिका-संसद्का सदस्य, संवैधानिक निकायका प्रमुख, महान्यायाधिवक्ता, नेपाल सरकारका मुख्य सचिव, प्रधान सेनापति, संविधानसभा/ व्यवस्थापिका- संसद्का महासचिव, पुनरावेदन अदालतका मुख्य न्यायाधीश, राष्ट्रिय योजना आयोगका सदस्य, संवैधानिक निकायका प्रमुख तथा सदस्यहरु, नेपाल राष्ट्र बैंकका गभर्नर, प्रज्ञा प्रतिष्ठानहरुका उपकुलपति, विश्वविद्यालयका उपकुलपति, नेपाल सरकारका सचिव, नेपाल सरकारका विशिष्ट श्रेणीका कर्मचारी, नेपालस्थित विदेशी राजदूत, सार्कका महासचिव, नेपाली राजदूत, सर्वोच्च अदालतका रजिष्ट्रार, नायब महान्यायाधिवक्ता, पुनरावेदन अदालतका न्यायाधीश, रथी, प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी महानिरीक्षक, मुख्य अनुसन्धान निर्देशक (राष्ट्रिय अनुसन्धान विभाग), नेपालस्थित संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमका आवासीय संयोजक, उपरथी, प्रहरी अतिरिक्त महानिरीक्षक, सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका अतिरिक्त मुख्य अनुसन्धान निर्देशक र राष्ट्रिय नागरिक उड्डयन सुरक्षा समितिका सदस्य सचिव,

(ख) विदेशी भि.आई.पि. तथा प्रतिनिधिमण्डलको हकमा परराष्ट्र मन्त्रालयको पत्रको आधारमा,



१३६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) संयुक्त राष्ट्रसंघ तथा संयुक्त राष्ट्रसंघका विशिष्टिकृत अंगहरु (Specialised Agencies) का उच्च पदस्थ पदाधिकारीहरुका हकमा परराष्ट्र मन्त्रालयको पत्रको आधारमा,

(घ) माथि उल्लिखित पदाधिकारीहरु बाहेक अन्यको हकमा सम्बन्धित निकायको सिफारिसको आधारमा श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले भि.आई.पि. कक्ष उपलब्ध गराउन लेखी पठाउन सक्नेछ,

(ङ) भि.आई.पि.हरुलाई स्वागत तथा विदाई गर्न आउनेहरु मध्ये देहायका व्यक्तिहरुलाई मात्र परिचय खुल्ने कागजातको आधारमा भि.आई.पि. कक्ष प्रवेश अनुमति दिन सकिनेछ ।

(१) भि.आई.पि. का श्रीमान् वा श्रीमती र छोराछोरी मध्ये बढीमा दुई जना,

(२) भि.आई.पि. सम्बन्धित कार्यालयका वरिष्ठतम् अधिकारी एक,

(३) भि.आई.पि. का निजी सचिव एक,

(४) भि.आई.पि.का सुरक्षाकर्मी एक,

(५) परराष्ट्र मन्त्रालय प्रोटोकल महाशाखाका पदाधिकारी वा परराष्ट्र मन्त्रालयबाट तोकिएका अन्य पदाधिकारीहरु ।

(च) भि.आई.पि.हरुलाई स्वागत तथा विदाई गर्न आउनेहरु अन्य सबैले टर्मिनल भवनको भुँई तल्लास्थित भि.आई.पि. कक्ष मूल प्रवेशद्वार नजिकको स्थानबाटै स्वागत तथा विदाई गर्नुपर्नेछ ।

४. विदेशी भि.आई.पि.हरुलाई विशेष परिस्थिति परी एप्रोन (विमान पार्किङ्ग क्षेत्र) सम्म गई स्वागत तथा विदाई गर्नुपर्ने भएमा औचित्य स्पष्ट गरी परराष्ट्र मन्त्रालयबाट लिखित



१३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुरोध भई आएमा बढीमा दुई जना सम्मलाई एप्रोनसम्म प्रवेश (Access) दिन सकिनेछ ।

५. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बाहेक काठमाडौं बाहिरका विमानस्थलहरुका भि.आई.पि. कक्षका सम्बन्धमा माथि दफा ३ मा उल्लिखित पदाधिकारीहरुका अतिरिक्त परिचय खुल्ने कागजात (परिचय पत्र, सम्बन्धित कार्यालयको पत्र आदि) का आधारमा सम्बन्धित विमानस्थलका प्रमुखले देहायमा लेखिएका व्यक्तिहरुलाई सो कक्ष प्रयोगको अनुमति दिन सक्नेछ :-

(क) नेपाल सरकारका राजपत्राङ्कित प्रथम श्रेणीका पदाधिकारीहरु, प्रमुख जिल्ला अधिकारी, जिल्ला विकास समितिका सभापति, जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु,

(ख) सम्बन्धित विमानस्थल सुरक्षा समितिको निर्णयानुसार वा सम्बन्धित प्रमुख जिल्ला अधिकारीको सिफारिस पत्रको आधारमा विशेष परिस्थितिमा विशेष व्यक्ति ।

६. देहायका पदाधिकारीहरुलाई विमानस्थल खानतलासीबाट उन्मुक्ति दिइनेछ :-

(क) राष्ट्रपति

(ख) उपराष्ट्रपति

(ग) प्रधानमन्त्री

(घ) प्रधानन्यायाधीश

(ङ) संविधानसभाका अध्यक्ष/व्यवस्थापिका-संसद्का सभामुख ।

(च) खण्ड (क), (ख), (ग), (घ) र (ङ) मा उल्लिखित पदाधिकारीहरुका विदेशी समकक्षीहरु ।

माथि उल्लिखित व्यवस्था बाहेक अन्य कुनै किसिमले कुनै व्यक्ति विमानस्थलको निषिद्ध क्षेत्रभित्र प्रवेश गरेको पाइएमा गैर सैनिक हवाई उडान (सिभिल एभिएसन) ऐन, २०१५ बमोजिम त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको हकमा



९३९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

सो विमानस्थलका महाप्रबन्धक र अन्य विमानस्थलहरुको हकमा सम्बन्धित विमानस्थल प्रमुखको आदेशमा उचित कारवाही गरिनेछ ।

७. **खारेजी**: खण्ड ४५ मिति २०५२ असोज २३ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित र खण्ड ४५ मिति २०५२ मङ्सिर ४ गतेको नेपाल राजपत्र भाग ३ मा यस मन्त्रालयबाट प्रकाशित यस सम्बन्धी सूचना खारेज गरिएका छन् ।

आज्ञाले,

**रञ्जनकृष्ण अर्याल**

नेपाल सरकारको निमित्त सचिव

## निर्वाचन आयोगको सूचना

खण्ड ६३ अतिरिक्ताङ्क २६क मिति २०७०।९।१९ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित यस आयोगको सूचना २ को क्रमसंख्या ६४ मा उल्लिखित नेपाली कांग्रेस राजनीतिक दलको तर्फबाट समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत संविधानसभामा निर्वाचित हुनुभएको सभासद्को साविक नाम थर "औम देवी मल्ल जोशी" रहेकोमा "ओम देवी मल्ल" गरी सच्याईएको हुँदा यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,

**महेश्वर न्यौपाने**

निमित्त सचिव





मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| १४ | श्री वेदनाथ गौतम | व.खा.अ.अ. |
| १५ | श्री विजय खनाल | व.खा.अ.अ. |
| १६ | श्री कृष्ण प्रसाद राई | व.खा.अ.अ. |
| १७ | श्री नवराज दाहाल | व.खा.अ.अ. |
| १८ | श्री हस्त बहादुर राई | व.खा.अ.अ. |
| १९ | श्री विमल कुमार दाहाल | व.खा.अ.अ. |
| २० | श्री राज कुमार रिजाल | खा.अ.अ. |
| २१ | श्री भीम पुलामी | खा.अ.अ. |
| २२ | श्री हेमन्त कुमार पराजुली | खा.अ.अ. |
| २३ | श्री हेमन्त गौतम | खा.अ.अ. |
| २४ | श्री विनोद कुमार श्रीवास्तव | |

खण्ड ६२ संख्या २२ मिति २०६९/५/११ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित यस मन्त्रालयको सूचना १ खारेज गरिएको छ ।

## सूचना २

नेपाल सरकारले दाना पदार्थ नियमावली, २०४१ को नियम ३ को उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र अन्तर्गत कार्यालयमा कार्यरत देहायका अधिकृतहरूलाई सार्वजनिक विश्लेषक (दाना पदार्थ) तोकेको छ :

| क्र.सं. | नाम,थर | पद |
|---|---|---|
| १ | श्री जीवन प्रभा लामा | महानिर्देशक |
| २ | श्री सन्जिव कुमार कर्ण | व.खा.अ.अ. |



९४२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ३ | श्री उपेन्द्र राय | व.खा.अ.अ. |
| ४ | श्री गजेन्द्र कुमार पौडेल | व.खा.अ.अ. |
| ५ | श्री पूर्णचन्द्र वस्ती | व.खा.अ.अ. |
| ६ | श्री प्रमोद कोइराला | व.खा.अ.अ. |
| ७ | श्री किशोर खत्री | व.खा.अ.अ. |
| ८ | श्री मोहन कृष्ण महर्जन | व.खा.अ.अ. |
| ९ | श्री हुमा कुमारी वखीम | व.खा.अ.अ. |
| १० | श्री महिपाल राम वैद्य | व.खा.अ.अ. |
| ११ | श्री विजय खनाल | व.खा.अ.अ. |
| १२ | श्री कृष्ण प्रसाद राई | व.खा.अ.अ. |
| १३ | श्री नवराज दाहाल | व.खा.अ.अ. |
| १४ | श्री विमल कुमार दाहाल | व.खा.अ.अ. |
| १५ | श्री विनोद कुमार श्रीवास्तव | खा.अ.अ. |

खण्ड ६२ संख्या २२ मिति २०६९/५/११ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित यस मन्त्रालयको सूचना २ खारेज गरिएको छ।

आज्ञाले,

**जयमुकुन्द खनाल**

नेपाल सरकारको सचिव

मुद्रण विभाग



१४३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

नेपाल सरकार

कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको

सूचना

नेपाल सरकारले प्रशासकीय अदालत नियमावली, २०५१ को नियम ३ को उपनियम (१) को खण्ड (ग) बमोजिम प्रशासकीय अदालतको सदस्य पदमा सामान्य प्रशासन मन्त्रालयका सचिव श्री ङइन्द्र प्रसाद उपाध्यायलाई तोकेको छ ।

आज्ञाले,

भेषराज शर्मा

नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



१४४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।